# गण्डकी बोर्डिङ स्कुल
## GANDAKI BOARDING SCHOOL
(National School)
Lamachaur, Pokhara -16, Nepal

00977-61-443398, 443414, 444719
P.O. Box No.9
Email: info@gbs.edu.np
www.gbs.edu.np


मिति: २०८२/१०/२८

## स्मारिका २०८२ को लागि दरभाउपत्र आह्वानको सूचना ।

गण्डकी बोर्डिङ स्कुलले शैक्षिक सत्र २०८२ को लागि विद्यालयको स्मारिका छाप्नुपर्ने भएकाले इजाजत प्राप्त इच्छुक कम्पनी, मुद्रक वा व्यक्तिगत फर्महरूबाट निम्न शर्तहरूको अधीनमा रही रीतपूर्वकको गोप्य दरभाउपत्र भरी विद्यालयमा मिति २०८२/११/११ गतेभित्र कार्यालय समयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ:

**विद्यालयको तर्फबाट गर्ने कार्यहरू**

१. आवश्यक पर्ने सम्पूर्ण फोटोग्राफहरू र लेख-रचनाहरू टाइप गरी उपलब्ध गराउने ।
२. प्रमुख सम्पादकले सम्पूर्ण फोटोग्राफहरू र लेख-रचनाहरूलाई कहाँ ? कसरी राख्ने ? भन्ने कुरा निर्णयानुसार गर्ने ।

**मुद्रकले गर्नुपर्ने कार्यहरू:**

१. कागज २५० ग्रामको आर्ट बोर्ड Indonesian paper आवरण पृष्ठको लागि हुनुपर्ने छ । साथै आवरण पृष्ठ (चार पेज रङगीन हुनेछन् र आवरण पृष्ठलाई Thermal Mat Lamination गर्नुपर्ने छ) ।
२. स्मारिकामा अनुमानित जम्मा १६० (कभर पेज ४ र भित्री पेज १५६) पेजको हुनेछ र सम्पूर्ण डिजाइनिङ्ग र रङगीन पेजमा छाप्नको लागि के कति दररेटमा तयार गर्न सकिन्छ सोको मूल्य पेस गर्नुपर्ने छ ।
३. कोटेशनमा उल्लेख गरिएको पेजमा घटबढ भएमा दामासाहीका दरले भुक्तानी गरिने छ ।
४. ग्राफिक्स डिजाइनिङ्ग, प्रिन्टिङ्ग र बाइन्डिङ्गको काम गर्नु पर्ने छ ।
५. सबै रङ्गिन पेजहरूको लागि १०० ग्रामको Art Paper (Indonesian/Japanese) हुनुपर्ने छ ।
६. स्मारिकाको साइज Width 8 inch and Height 11 inch हुनुपर्ने छ ।
७. उच्च गुणस्तरको Digital (flat)/Glue Binding हुनुपर्ने छ ।
८. स्मारिका जम्मा थान १५००/- बनाउनुपर्ने छ ।
९. स्मारिका २०८३ जेठ १८ गतेभित्र छापिसक्नुपर्ने छ ।
१०. म्याद नाघेको वा रीत नपुगेको दरभाउपत्रलाई समावेश गर्न विद्यालय बाध्य हुनेछैन ।
११. प्राप्त दरभाउपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विद्यालयसँग निहित रहने छ ।
१२. दरभाउपत्र सम्बन्धी थप केही जानकारी आवश्यक परेमा विद्यालयमा सम्पर्क गर्न सकिने छ ।
१३. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।
११. प्रुफ हेर्नका लागि कम्तीमा दुई पटकसम्म (जेष्ठ १० गतेभित्र) प्रिन्ट (डमी कपी) उपलब्ध गराउनु पर्ने छ ।
१५. फर्म दर्ता, कर चुक्ताको प्रमाण पत्र पेश गर्नुपर्ने छ ।
१६. नेपाल सरकारको प्रचलित नियमानुसार भ्याट बिलमा १.५ प्रतिशत टिडिएस कट्टा गरी रकम भुक्तानी गरिनेछ ।

..............................................

डा. विश्वयूधिर पौडेल घर्ती
प्राचार्य